*तोयोनाखा कोकुसाई को–यु क्योखाई*
*एशोसियशन फर तोयोनाखा मल्टिकल्चरल सिम्बोसिस（ATOMS）*
*–न्याय र समानताको लागि बिबिध संस्कृतिले सम्पन्न समाज निर्माण गरौं– ～*

*एशोसियशन फर तोयोनाखा मल्टिकल्चरल सिम्बोसिस सन १९९३ मा अन्तरराष्ट्रिय रुपमा साँ ंस्कृतिक आदान प्रदान गर्ने उद्देश्यले स्थापना गरिएको संगठन हो । त्यस्तै तोयोनाखा नगरपालिका बाट स्थापना गरिएको तोयोनाखा कोकुसाई को्यू सेन्टरको रेखदेख तथा संचालनको जिम्मेवारी पनि यस एशोसियशनले गर्दै आएको छ ।*

*हाल यस एशोसियशनले जापानमा बसोबास गर्ने बिदेशी नागरीकहरुकालागि ब्यक्तिगत तथा सामाजिक बिकास लगायत चौतर्फी बिकास का लागि बिभिन्न क्रियाकलापहरु गर्दै आएको छ । यस अन्तर्गत बालबालिका देखि बृद्ध बृद्धासम्मका उमेर समुहका ब्यक्तिहरुलाई कुनै पनि समुहमा बिभाजित नगरी उहाँहरुको उन्नतिका लागि बिभिन्न सहयोगात्मक कार्यहरु गर्दै आएको छ । त्यस्तै भबिष्यमा जापान बसाईको क्रममा सामाजिकरुपमा कुनै समस्या नआओस भन्ने हेतुले जापानमा बसोबास गर्नुहुने बिदेशी नागरिकहरुका लागि एउटा "साझा चौतारी निर्माण" गरी भिन्न बिचार, रहनसहन तथा सं ंस्कृति भएका ब्यक्तिहरुले एकै ठाँउमा बसेर जिबन निर्वाह गर्न सक्ने "बिशिष्ट जनसमुह निर्माण" गर्नको लागि बिद्यालय तथा शिक्षण प्रतिष्ठान आदि जस्ता निकायसंग समन्वय र सहकार्य गर्र्दै आईरहेको छ ।*

*【यस एशोसियशनको मिशन】*
*"स्थानीय जनसमुहलाई स्वतस्फुर्त रुपमा सहभागी गराई, आधारभुत मानव अधिकारको सम्मान गरी क्षेत्रीय स्तरबाट नै अन्तरसाँस्कृतिक क्रियाकलाप संचालन गर्दै बिश्वसंग सुमधुर सम्बन्ध राख्न सक्ने बिबिध संस्कृतिले सम्पन्न समाजको सृजना गर्नु नै यस एशोसियसनको मिशन हो ।"*

*तोयोनाखा कोकुसाई को्यू सेन्टरले निम्न क्रियाकलापहरु संचालन गर्दै आई रहेको छ । बिस्तृत जानकारीको लागि यस एशोसियशन फर तोयोनाखा मल्टिकल्चरल सिम्बोसिस मा सम्पर्क राख्नुहोस । टेलिफोन नम्बर ः ०६–६८४३–४३४३ (बुधबार यस एशोसियसनको कार्यालय बन्द रहने छ ।)*

## Japanese Language Activities for Exchange

*यस क्षेत्रमा बसोबास गर्ने बिदेशी नागरिकहरु संग स्थानीय स्वयं सेवकहरुले भेटि दैनिक जनजिबनमा आईपर्ने आवश्यक जापानी भाषाको ज्ञान प्रदान गर्नेछन । यो कक्षा सुमधुर मानवीय सम्बन्ध निर्माण गर्नको लागि उपयुक्त स्थान हुन सक्छ ।*

*कक्षा शुल्क ः निशुल्क*
*स्थान ः तोयोनाखा कोकुसाई को्यू सेन्टर*
*समय ः कक्षा अनुसार निम्न बमोजिम हुनेछ ।*

*अझ बढि प्रयोग गर्न मिल्ने जापानी भाषा*
*सोमबार १०ः०० देखि १२ः०० सम्म （(सार्वजनिक बिदा, गर्मी जाडो बिदा हुनेछ ।*
*※ हिरागाना पढन लेख्न सक्ने ब्यक्ति तथा कामका लागि उपयुक्त हुने जापानी भाषा सिक्नका लागि यो कक्षा उपयोगी हुनेछ । प्राथमिक तह भर्ना हुनु भन्दा पहिलेका नानीहरुका लागि केयर सेन्टर उपलब्ध छ ।）*

*तोयोनाखा जापानी भाषा कक्षा मोकुहिरु*
*बिहिबार १३ः३० देखि १५ः३० बजेसम्म (सार्वजनिक बिदा, गर्मी जाडो बिदा हुनेछ ।)*
*यहि समयमा※ प्राथमिक तह भर्ना हुनु भन्दा पहिलेका नानीहरुका लागि बिभिन्न साँस्कृतिक क्रियाकलापहरु सहितको केयर सेन्टर पनि संचालन गरिने छ ।*

*तोयोनाखा जापानी भाषा कक्षा मानआसा*
*शुक्रबार १०ः३० देखि १२ः०० बजे सम्म （सार्वजनिक बिदा, गर्मी जाडो बिदा हुनेछ ।)*
*यहि समयमा ※ प्राथमिक तह भर्ना हुनु भन्दा पहिलेका नानीहरुका लागि बिभिन्न साँस्कृतिक क्रियाकलापहरु सहितको केयर सेन्टर पनि संचालन गरिने छ ।*

*आईतबारको जापानी भाषा कक्षा गाच्यागाच्यादान*

आईतबार १०ः०० देखि १२ः०० सम्म (हरेक महिनाको पहिलो आईतबार बिदा हुनेछ ।)

यसबाहेक नागरिक समुहका सदस्यहरुले तोयोनाखा कोकुसाई को्यू सेन्टरमा ब्यक्तिगत जापानी भाषाका कक्षाहरु प्नि संचालन गर्नुहुनेछ । बिस्तृत जानकारीका लागि उल्लेखित कक्षाका शिक्षकहरु सग टेलिफोन मार्फत सम्पर्क राख्नुहोस ।

(रात्रीकालीन खान्जी कक्षा)
मंगलबार १९ः३० देखि २१ः०० बजेसम्म
※ भर्ना शुल्क २,००० येन । टेलिफोन नम्बरः ०७२७–६१–८९६५ (नाखादा जी)

(जापानी भाषा सारोन)
शुक्रबार १९ः३० देखि २१ः०० बजे सम्म भर्ना निशुल्क
टेलिफोन नम्बरः ०६–६८४९–७९९२ (इसीजुमी जी)

(बोचीबोची जापानी भाषा)
शनिबार १०ः३० देखि १२ः०० बजेसम्म भर्ना निशुल्क
टेलिफोन नम्बरः ०९०– १७३१– ३७१५ (मोरिसिता जी)

(जापानी भाषा हिरोबा)
प्रत्येक महिनाको दोश्रो र चौथो आईतबार १४ः०० देखि १६ः०० बजेसम्म भर्ना निशुल्क
टेलिफोन नम्बर ः ०६–६८५४—८३७१ (किनोसिता जी)

**बिदेशी महिला तथा बालबच्चाको लागि जापानी भाषा कक्षा～**

आफना बालबच्चाहरु हुर्काई रहनु भएका बिदेशी महिलाहरु यस कक्षामा सहभागी हुन सक्नुहुनेछ । जापानको बस्तुस्थिती, परिस्थिति एबं बालबालिका हुर्काउने तरिकाहरुका बारेमा यस कक्षामा जापानी भाषामा छलफल हुन्छ । साथै साथीहरु बनाउनको लागि यस कक्षा उपयोगी हुनेछ । चित्रकलाका किताबहरु पढन लेख्न लगाइनुका साथै पाककलाका कक्षा र खेलौनाहरु बनाउने लगायतका क्रियाकलापहरु पनि गरिन्छ । स्वयंसेवकहरु पनि बालबच्चा भएका सदस्यहरु हुनुहुन्छ । जापानी भाषा राम्ररी नजान्नु भएको, गर्भधारण गर्नुभएका तथा एक्लै पढन चाहनु भएको महिलाहरु सहभागी हुन सक्नुहुनेछ ।

समय ः हरेक हप्ता मंगलबार १०ः०० देखि १२ः०० बजेसम्म
(पुस्तकालय बन्द हुने दिन, सार्वजनिक बिदा, बर्षान्त, बर्षारम्भ र स्कुल बन्द हुने समयमा बिदा हुनेछ ।)
प्रबेश शुल्कः निशुल्क
स्थान ः तल उल्लेखित शहरका तिन पुस्तकालयमा कक्षा संचालन हुनेछ ।

ओखामाचीः ओयाको जापानी भाषा कक्षा
स्थानः स्योनाई पुस्तकालय (हान्क्यू स्योनाई स्टेशनबाट १० मिनेट)
ब्लग→ http://okamachioyako.blog129.fc2.com/

स्योनाई ः ओयाको जापानी भाषा कक्षा
स्थानः ओखामाची पुस्तकालय (हान्क्यू ओखामाची स्टेशनबाट १० मिनेट)
ब्लग → http://oyakonihon.exblog.jp/m2010-01-01/

सेन्री ः ओयाको जापानी भाषा कक्षा
स्थानः सेन्री पुस्तकालय (हान्क्यू किता सेन्री क्यूको सेन्रीच्यूओ स्टेशनबाट ३ मिनेट)

**२. बिदेशी नागरीकहरुका लागि बिभिन्न भाषाका परामर्श सेवाहरु**

*तोयोनाखा कोकुसाई कोयु क्योखाई (एशोसियशन) मा यस क्षेत्रमा बसोबास गर्नुहने बिदेशी नागरीकहरुले ढुक्क संग जिबनयापन गर्नका लागि बिभिन्न परामर्श सेवाहरु संचालन गरिआएको छ ।*

### *स्थान ः तोयोनाखा कोकुसाई को्यू सेन्टर*

*अन्तरबार्ता, टेलिफोन प्रतिक्रिया लिने मिति तथा समयः : हरेक हप्ता शुक्रबार ११ देखि १६ बजेसम्म (सरकारी बिदा, बर्षान्त र बर्षारम्भमा बिदा हुनेछ ।)*
*भाषाहरु : जापानी भाषा, चिनियाँ भाषा, कोरीयाली भाषा, फिलिपीनी भाषा, स्पेनीस, पोर्चुगाली भाषा, थाई भाषा, ईण्डोनेशियाली भाषा, अंग्रेजी भाषा*

### *सहभागी शुल्क ः निशुल्क*

### *परामर्शका बिषयहरुः*

- *बैबाहिक सम्बन्ध (सम्बन्ध बिच्छेद, घरेलु हिंसा, घरेलु समस्या, अन्तराष्ट्रिय बिबाह आदि), कागजी प्रक्रियाहरु (भिषा प्रकार, जापानमा परिवार बोलाउने आदि)*
- *रहनसहन (बसोबास, आर्थिक कारोबार, बिमा, पेन्सन, कर तथा अन्य सरकारी कार्यहरु, जापानी भाषा तथा अन्य दैनिक आईपर्ने कार्यहरु )*
- *मानवीय सम्बन्ध (स्थानीय, ब्यबसायीक, पारिवारीक मित्रता) .*
- *सरसफाई (मानसिक स्वास्थ्य, गर्भ धारण, सुत्केरी अवस्थाबारे)*
- *बालबच्चा (पालनपोषण, केयर सेन्टर, स्कूल आदि बारे )*
- *बालबच्चा (पालनपोषण, केयर सेन्टर, स्कूल आदि बारे )*
- *मानब अधिकार उल्लङ्घन*

*..........आदि बारेमा, जस्तो सुकै परिस्थितिमा पनि आपसमा सर–सल्लाह गर्न सकिनेछ । परिस्थितीलाई मुल्याकन गरी, आवश्यक परेको खण्डमा सम्बन्धित बिज्ञका कार्यालयमा परिचय गर्न सकिनेछ ।*

*नोटरी पब्लिक अधिकारीबाट मुलुक या भिषाका पकारका बारेमा परामर्श*
*हरेक महिनाको तेश्रो शुक्रबार १३ः३० बजे देखि १६ बजेसम्म (टेलिफोनबाट बुझ्न सकिने छ साथै उपस्थितिका लागि १ हप्ता पहिले नाम रजिष्टर गर्नु पर्नेछ ।.)*
*सहयोगी संस्थाः नोटरी पब्लिकको अध्यागमन अध्ययन समाज*

### *टेलिफोन मार्फत परामर्श सेवा लिन चाहनुहुने महानुभावहरुका लागि*

*टेलिफोन नम्बर ः ०६–६८४३–४३४३*
*टेलिफोन मार्फत परामर्श सेवा लिने समयः हरेक हप्ता शुक्रबार ११ देखि १६ बजे सम्म*
*फोन गर्नुभएमा जापानी स्टाफले फोन उठाउनेछ । त्यसपश्चात (........गो नो स्टाफ ओ ओनेगाई सिमास) भन्नु होस ।*
*・बिदेशी महिलाहरुको पयोगका लागि सम्पर्क टेलिफोन नम्बर ः ०६–६८४३–०३९०*

### *※प्रत्यक्ष परामर्श सेवा लिन चाहनुहुने महानुभावहरुका लागि*

*माथि लेखिएको समयमा तोयोनाखा कोकुसाई को्यू क्योखाईको कार्यालयमा आउनुहोस । कार्यालयमा रहेका कर्मचारीलाई (सोदान नि किमासिता) भन्नु होस । त्यस पछि सम्बन्धित ब्यक्तिले तपाईंलाई भेटनु हुनेछ ।*

*※प्रत्यक्ष परामर्शका लागि नाम रजिष्टर गर्नेबारे ।*
*नाम रजिष्टर नगरीकन पनि यस कार्यालयमा आउन सक्नुहुनेछ । तर परिस्थिती अनुसार तपाईंले कुर्नु पर्ने पनि हुन सक्छ । ठिक समय प्राप्त गर्नका लागि पहिले नै नाम रजिष्टर गर्नु भएको खण्डमा रामो हुनेछ । नाम रजिष्टर गर्न लाई बुधबार बाहेक हरेक दिन बिहान*

९ बजे देखि १७ बजेसम्म यस कार्यालयको टलिफोन नम्बर ०६–६८४३–४३४३ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

### परामर्श तरिकाको बारेमा

परामर्शका बिषय वा परामर्श गर्न चाहेको कुराहरु जापानी बिज्ञ संग तपाईंको देशका भाषा बोल्न सक्ने कर्मचारी बाट अन्तरक्रिया गराईने छ ।

### गोपनीयताको बारेमा

तपाईंको गोपनियता भंगहुने कुनै पनि कार्य हुनेछैन । गोपनियताको सम्बन्धमा तपाईं निश्चिन्त रहनुहोस ।

## ३. अन्य मुलुकसंग सम्पर्कमा रहेका बालबालिका का लागि गरिने क्रियाकलाप

### 「३. अन्य मुलुकसंग सम्पर्कमा रहेका बालबालिका का लागि गरिने क्रियाकलाप」

बिभिन्न साँस्कृतिक क्रियाकलाप गरिने केयर सेन्टर (ताबुन्खा होइकु निको निको) अन्य मुलुक संग प्रत्यक्ष सम्पर्कमा रहेका बालबालिकाहरुले आफना अभिभावक संग प्ले रुममा बिभिन्न खेलकुद लगायतका क्रियाकलापहरु गर्न सक्नुहुनेछ । केयर सेन्टरमा स्वयंसेबकहरु रहनु भएकोले बालबालिकाको बिकास बिस्तारका सम्बन्धमा बिभिन्न सरसल्लाह पनि गर्नु हुनेछ । यहि समयमा संचालन हुने जापानी भाषाका कक्षामा अभिभावकले जापानी भाषा अध्ययन गर्न पनि सक्नु हुनेछ । पहिले नै नाम रजिष्टर गर्न आवश्यक छैन ।

लक्षित बर्गः बिदेशी बच्चाको अभिभावक र स्कुल जानु अघिका बालबच्चाहरु
समय ः बिहिबार १३ः३० देखि १५ः३० सम्म, शुक्रबार १०ः३० देखि १२ः00 बजे सम्म (सार्बजनिक बिदाहरुमा बिदा हुनेछ ।)
सहभागी शुल्क ः निशुल्क
स्थान ः तोयोनाखा कोकुसाईई को्यू सेन्टर प्ले रुम १

### (बालबच्चाको लागि मातृभाषा)

अन्य मुलुक संग प्रत्यक्ष सम्पर्कमा रहने बालबालिकाहरुले मातृभाषा तथा आफनो संस्कृतिको बारेमा रमाईलोसंग यस कक्षामा सिक्न सक्नुहुनेछ । आफु सरहका आफनै मुलुका बालबालिका संग भेटघाट तथा मित्रता अघि बढाउन पनि सक्नु हुनेछ । मातृ भाषा सिकाउनु हुने शिक्षकहरु सोहि मुलुक संग सम्बन्ध राख्ने र बिश्वबिद्यालयमा अध्ययनरत रहनुभएका बिद्यार्थीहरु हुनुहुन्छ ।

लक्षित बर्गः अन्य मुलुक सग प्रत्यक्ष सम्पर्कमा रहेका बालबालिकाहरु (प्राथमिक तह भन्दा माथिका बिद्यार्थीहरु)
समय ः प्रत्येक महिनाको दोश्रो र चौथो आइतबार १०ः०० देखि १२ः०० बजे सम्म
सहभागी शुल्कः निशुल्क
स्थानः तोयोनाखा कोकुसाई को्यू सेन्टर
※हाल चिनियाँ भाषा, स्पेनी भाषा, पोर्चुगाली भाषा, ईण्डोनेशियाली भाषा बाट उपरोक्त क्रियाकलाप हरु गरिदै आइएको छ ।

### (अध्ययनको लागि सहयोगी र सनप्लेस)

अन्य मुलुक सग प्रत्यक्ष सम्पर्कमा रहेका बालबालिका का लागि घर या स्कुलमात्र नभई सन्तोषपूर्बक समय बिताउन सक्ने तेश्रो ठाँउको रुपमा यस कक्षालाई संचालन र बिकास गरिएको छ । स्वंयसेवकहरु संग बालबालिकाले अध्ययन मात्र नभएर कुराकानी, डान्स जस्ता रमाईला क्रियाकलापहरु पनि गर्न सक्नुहुनेछ । स्वंयसेबकहरु प्रायजसो बिश्वबिद्यालयका बिद्यार्थीहरु तथा बिदेश संग प्रत्यक्ष सरोकार राख्ने ब्यक्तिहरु हुनुहुन्छ ।

लक्षित बर्गः अन्य मुलुक सं प्रत्यक्ष सम्पर्कमा रहेका बालबालिकाहरु (प्राथमिक तह भन्दा माथिका बिद्यार्थीहरु)
समय ः आईतबार १३ः०० देखि १५ः०० बजे सम्म (हरेक महिनाको पहिलो आईतबार बिदा हुनेछ ।)
स्थानः तोयोनाखा कोकुसाई को्यू सेन्टर
सहभागी शुल्कः निशुल्क

### (तोयोनाखा बालबालिका जापानी भाषा कक्षा)

प्रत्येक बालबालिकाको लागि अलग अलग पाठयक्रम बनाई यस कक्षामा जापानी भाषाको अध्यापन गराईन्छ । तोयोनाखा नगरपालिकामा रहेका स्कूल तथा शिक्षा समिति संग समन्वय गरी बालबालिकाको अध्ययन लाई उपयुक्त हुने पाठयक्रम निर्माण गरी जापानी भाषा सम्बन्धि ज्ञान दिइन्छ । बालबालिकाका लागि जापानी भाषा पढाउनु हुने बिज्ञहरुबाट अध्यापन गरिन्छ । सहभागी हुन चाहनुहुने महानुभावहरुले पहिले नै सम्पर्क राख्नु पर्नेछ ।

लक्षित बर्गः जापानी भाषाको ज्ञान आवश्यक रहेका प्राथमिक तथा माध्यामिक तहका बिद्यार्थीहरु
समय ः प्रत्येक हप्ता ३ पटक (सोमबार र बिहिबार १५ः:०० देखि १६ः:३० सम्म । १६ः:३० देखि १८ः:३० बजे सम्म । शनिबार १४ः:०० देखि १६ः:०० बजे सम्म)
स्थानः तोयोनाखा कोकुसाई को्यू सेन्टर
सहभागी शुल्कः निशुल्क

**(कोरियाली भाषा कक्षा)**

कोरियासंग सम्बन्ध राख्ने बालबालिकाहरुका लागि आपसी सम्बन्ध बिकास बिस्तार गर्न यो कक्षा उपयुक्त हुन सक्छ । आफनै देशका शिक्षकले आफनो भाषा, नृत्य, खेलकुद सिकाउनु हुनेछ । साथै कोरियाली संःस्कृति, गौरबका बारेमा पनि सिकाउनु हुनेछ । तोयोनाखाबासी बिदेशीहरुको शिक्षा बिकास निकायको सहयोग बाट स्कुलका शिक्षकहरुले कक्षा संचालन गर्नुहुनेछ ।

समय ः प्रत्येक महिनाको तेश्रो आईतबार बिहान

लक्षित बर्गः कोरिया संग सम्पर्कमा रहेका बिद्यार्थीहरु
स्थानः तोयोनाखा कोकुसाई को्यू सेन्टर
सहभागी शुल्कः निशुल्क

**(अन्तरसाँस्कृतिक मिनी तोयोनाखा)**

यस कक्षामा सम्पूर्ण बालबालिकाहरुले सोचेका, आफुले बस्न चाहेको शहरको परिकल्पना गर्दै, शहरको एउटा अवस्था निर्माण गर्नेछन । बालबालिकाहरुले परिकल्पनाको क्रममा पसल, बैंक, नगरपालिका कार्यालयको निर्माण गरी आर्थिक कारोबार गरी मासिक पारिश्रमिक पनि लिनेछन । प्रदर्शन समयः प्रत्येक बर्ष १ पटक अन्तरसाँस्कृतिक पर्ब का अवसरमा बालबालिकाका सृजना प्रदर्शन गरिने छ । बिस्तृत जानकारीका लागि एशोसियशनको कार्यालयमा सम्पर्क राख्नुहोस ।
लक्षित बर्गः प्राथमिक तह भन्दा माथिका बिद्यार्थीहरु
स्थानः तोयोनाखा कोकुसाई को्यू सेन्टर （Schedule）

**(पर्ब र बिश्व भ्रमण क्लब)**

यस कक्षामा बिश्वका बिभिन्न मुलुकहरुका संस्कृति तथा त्यस क्षेत्रमा बसोबास गर्ने बिदेशी नागरिकहरु संग प्रत्यक्ष भेटघाटको अवसर प्राप्त हुन्छ । बिभिन्न देशका स्वयंसेबक हरुले बालबालिका हरुलाई सम्बन्धित मुलुक, क्षेत्रकाबारेमा बताउनु हुनेछ । बालबालिकाहरुले पनि बिश्वका भाषा खेलकुदआदिका बारेमा सिक्नेछन ।

समयः प्रत्येक महिना १ देखि ३ पटक
लक्षित बर्ग ः प्राथमिक तथा माध्यामिक तहका बिद्यार्थीहरु (अभिभावक पनि संगै आउन सक्नु हुनेछ ।)
प्रत्येक महिनाको बिषय र स्थानको बारेमा कोहो तोयोनाखा या यस कार्यालयको होमपेजमा दिइनेछ ।

**(उकिउकि हानगुरु कोजा)**

भाषा, खेलकुद, खानाका परिकारबारे अनुभव गरी कोरीयाली संस्कृतिको अध्ययन गर्न सकिनेछ । छिमेकी मुलुकको संःस्कृतिको बारेमा तपाई पनि सिक्न चाहानुहुन्छ ?

लक्षित बर्ग ः प्राथमिक तहका बिद्यार्थीहरु (अभिभावक पनि संगै आउन सक्नु हुनेछ ।)
महिनाको एक पटक
स्थानः तोयोनाखा कोकुसाई को्यू सेन्टर
～हाल बिदा छ ।～

## ४ यस बाहेकका जानकारी

तोयोनाखा कोकुसाई को्यू सेन्टरमा दोश्रो र चौथो शुक्रबार १२ः३० बाट १५ः३० (सार्बजनिक बिदा बाहेक) सम्म ऋऋ ऋबाé संचालनमा रहन्छ । कफी, चिया, मिठाई लगायतका खानेकुराहरु यहाँ पाईन्छ । यस सेन्टरमा बिभिन्न भाषाहरुका निशुल्क पत्रपत्रिका तथा जानकारी हरु राखिएको हुन्छ । अन्तरराष्ट्रिय परिवेश तथा बिभिन्न मुलुकका साँस्कृतिक ज्ञानहरु यहाँ बाट प्राप्त गर्न सक्नुहुनेछ । अन्तरराष्ट्रिय परिवेश अध्ययनका लागि यस कार्यालयमा इन्टरनेटको पनि उपयोग (अधिकतम २० मिनेट) गर्न सक्नुहुन्छ । यस अलावा आफुलाइ लागेका कुराहरु यहाँका कर्मचारीहरु संग सोध्न सक्नु हुनेछ ।

कोएकी जाईदान होजीन तोयोनाखा कोकुसाई को्यू क्योखाइ

Association for Toyonaka Multicultural Symbiosis (ATOMS)
Address: Osaka-fu, Toyonaka-shi, Tamai-chou,1-1-1-601 (Etre Toyonaka 6th Floor) Toyonaka International Center
(बुधबार, बर्षान्त र बर्षारम्भमा बिदा रहने छ ।)

## ५. तोयोनाखा कोकुसाई को–यू सेन्टर आउनको लागि

हान्क्यू ताखाराजुखा सेन को तोयोनाखा स्टेशन नजिकै यस सेन्टर रहेको छ । (हान्क्यू उमेदा स्टेशनबाट क्यूको (लिमिटेड एक्सप्रेस)मा ११ मिनेट
※अण्डरग्राउण्ड तेश्रो तल्लामा सशुल्क पार्किङ्गको ब्यबस्था छ । (पार्किङ्ग क्षमता २१० गाडी)
※पहिलो तल्लामा सशुल्क पार्किङ्गको ब्यबस्था छ । (साईकल र मोटरसाईकल)

